

दशैंको सुवास र बाल्यकालका सुनौला स्मृतिहरू

✍ विमल लामिछाने (३)

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।

दमक–६, झापा
फाल्गुनन्द चौक
फोन: ०२३–५७५४०९

जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

❑ वर्ष-२१ ❑ अंक - २६४ ❑ २०८३ असोज २९ गते बिहीबार ❑ Thursday, 15 Oct. 2026 ❑ मूल्य ७ /-

दमक नगरपालिकाले विभिन्न वडाका दर्जनबढी योजनाहरूको बोलपत्र हार्डकपी ओपनिङको प्रारम्भिक मुचुल्का तयार पार्दै दमक नगरपालिकाका कर्मचारी, निर्माण व्यवसायीका प्रतिनिधि र प्रहरीहरू ।

भारत र नेपालका गृहमन्त्री भेट

दमक/ गृहमन्त्री सुधन गुरूङ र भारतीय गृहमन्त्री अमित शाहबीच द्विपक्षीय भेटवार्ता भएको छ । बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक) गृहमन्त्रीस्तरीय प्रथम बैठकमा सहभागी हुन भारतको नयाँ दिल्ली पुगेका गुरूङ र शाहबीच मंगलबार भेटवार्ता भएको हो ।

मुख्यमन्त्री सम्मेलन सम्पन्न
१४ बुँदे घोषणापत्र जारी

दमक/ विराटनगरमा सम्पन्न भएको मुख्यमन्त्री सम्मेलनले कोशी घोषणापत्र(२०८३ जारी गरेको छ । जारी घोषणापत्रमा संघीयता कार्यान्वयन तथा संविधानप्रदत्त प्रदेश सरकारका अधिकारको पूर्ण प्रयोग गर्न १४ वटा कानुनी तथा नीतिगत सुधारका विषयवस्तु पहिचान गरिएको छ ।

घोषणापत्रको पहिलो बुँदामै सो कुरा उल्लेख छ । जसमा १४ वटा बुँदा उल्लेख छ । ती बुँदा संघीय सरकारसमक्ष पेस गरिने पनि घोषणापत्रमा उल्लेख छ ।

'नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहबीच अधिकार, जिम्मेवारी, स्रोत तथा साधनको बाँडफाँटसहित सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित संघीय शासन व्यवस्था सुनिश्चित गरेको छ,' घोषणापत्रमा भनिएको छ, 'संविधान तथा प्रचलित संघीय कानुनले प्रत्यायोजन गरेका अधिकारको पूर्ण कार्यान्वयनका क्रममा देखिएका अधिकार क्षेत्रगत अस्पष्टता, कानुनी तथा संस्थागत दोहोरोपन र स्रोतसाधनको अपर्याप्तता हटाउन आवश्यक सुधार अपरिहार्य भएको छ ।'

त्यसैले 'संविधान र वर्तमान कानुनको परिधिभित्र तत्काल संघीय सरकारबाट निर्णय, कानुनी/नीतिगत व्यवस्था, अधिकार तथा संरचना हस्तान्तरण, वित्तीय स्रोत र सम्पत्ति व्यवस्थापन गर्नुपर्ने विषयहरूलाई प्राथमिकताका साथ सम्बोधन गर्दै, आवश्यकता अनुसार संघीय कानुन संशोधन तथा थप कानुनी व्यवस्था गर्नुपर्ने विषय समेत संघीय सरकार समक्ष स्पष्ट रूपमा प्रस्तुत गरी समयबद्ध कार्यान्वयनमा लैजान' ती १४ वटा काम गर्नुपर्ने घोषणापत्रमा उल्लेख छ ।

यसैविच, कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलनमा सहभागी छ प्रदेशका मुख्यमन्त्रीलाई कोशीका स्थानीय उत्पादन तथा पहिचान झल्काउने उपहार प्रदान गरेका छन् ।

मुख्यमन्त्री कार्कीले मधेसका मुख्यमन्त्री कृष्णप्रसाद यादव, बागमतीका मुख्यमन्त्री किरण थापामगर, गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्य र कर्णालीका मुख्यमन्त्री मंगलबहादुर शाहीलाई ढाकाको कोट, ढाका टोपी, भोजपुरको खुकुरी, इलामको चिया र अल्लोको झोला उपहार दिएका हुन् ।

विराटनगरमा आयोजित अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलनमा सुदूरपश्चिम प्रदेशबाहेक अन्य छवटै प्रदेशका मुख्यमन्त्री सहभागी भएका थिए । सम्मेलनका क्रममा मुख्यमन्त्रीहरूलाई प्रदान गरिएका उपहारले कोशी प्रदेशको मौलिक पहिचान, स्थानीय उत्पादन र सांस्कृतिक विविधतालाई उजागर गरेको छ ।

२४ धर्मप्रचारक निस्कासन

दमक । मोरङको सुन्दरहरैंचाबाट पक्राउ परेका धर्मप्रचारकलाई सरकारले निस्कासन गरेको छ । पर्यटक भिसामा आएर क्रिश्चियन धर्म प्रचार गरेको आरोपमा २४ जना कोरियाली नागरिकलाई निष्कासन गरेको हो । अध्यागमन विभागले उनीहरूलाई जनही ५० हजार रूपैयाँ जरिवाना गराउँदै नेपालबाट निष्काशित गरेको हो। निष्काशित नागरिकलाई आगामी तीन वर्षसम्म नेपाल प्रवेश गर्न नपाउने निर्णयसमेत गरिएको छ । बाँकी ४ पेजमा ▸▸

मासुको मूल्य नबढाउन आग्रह

भद्रपुर/ झापाका बजारहरूमा चाडपर्वको मौकाछोपी मासुको मुल्य बृद्धीगरेको भन्दै भद्रपुर नगरपालिकाले एक सार्वजनिक सूचना जारी गरी मासुको मूल्य बढाए कार्वाही गर्ने चेतावनी दिएको छ ।

नेपालीहरूको महान चाड बडादशैं तथा तिहारको पूर्वसन्ध्यामा भद्रपुर नगर क्षेत्रभित्र सञ्चालित मासु पसलहरूले बजारमा प्रचलित मूल्यभन्दा आफूखुसी मासुको मूल्य वृद्धि गरेका छन् । त्यसबारे आम समुदाय र उपभोक्ताहरूबाट गुनासो आएपछि भद्रपुर नगरपालिकाले सूचना जारी गरेको हो ।

मूल्यवृद्धिप्रति नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको जनाउँदै चाडपर्वको समयमा बजारलाई व्यवस्थित, स्वच्छ र उपभोक्तामैत्री बनाउनका लागि सम्पूर्ण मासु व्यवसायीहरूलाई मासुको मूल्य यथावत राख्न र कुनै पनि बहानामा मूल्य वृद्धि नगर्न सूचनामार्फत जानकारी गराइएको छ ।

कांग्रेस महिलातर्फ १४ निर्वाचित, विनिताको नाम होल्डमा

दमक । नेपाली कांग्रेसको १५औं महाधिवेशनअन्तर्गत महिला खुलातर्फ १४ जनामात्र केन्द्रीय सदस्य निर्वाचित भएका छन् । खुलातर्फ १५ जना निर्वाचित हुनु पर्नेमा एक जनाले विजेताको मत पाए पनि अदालतमा मुद्दा परेकाले अहिलेलाई निर्वाचित नगरी यथास्थितिमा राखिने निर्वाचन समितिले जनाएको छ ।

निर्वाचन समितिका अनुसार निर्वाचित हुनेहरूमा निर्वाचित हुनेमा वासना थापा, उर्मिला थपलिया, निमा गिरी, कुसुमदेवी थापा, धनाकुमारी खतिवडा, अनिता देवकोटा, रीता सेन बाँकी ४ पेजमा ▸▸

कोशी हटाएर 'किराँत' राख्न माग

दमक/ किरात राई यायोक्खाले कोशी प्रदेशको नाम संशोधन गरी 'किरात' राख्न माग गर्दै १९ बुँदे विराटनगर घोषणापत्र जारी गरेको छ । यायोक्खाको १२औं राष्ट्रिय महाधिवेशनले भाषा, संस्कृति, ऐतिहासिक सम्पदा र आदिवासी जनजातिको पहिचान तथा अधिकार संरक्षणका विषय समेटेर यस्तो घोषणापत्र जारी गरेको हो ।

२०८३ असोज २३ देखि २७ गतेसम्म विराटनगरस्थित वीरेन्द्र सभागृह र मनास्लु होटलमा सञ्चालन भएको महाधिवेशनले असोज २८ गते घोषणापत्र सार्वजनिक गरेको हो । घोषणापत्रमा प्रदेशको नाम 'कोशी' खारेज गरी साझा पहिचान झल्कने नाम 'किरात' राख्न माग गरिएको छ । यायोक्खाले बान्तावा, चाम्लिङलगायत राई समुदायका १३ भाषालाई प्रदेशको बाँकी ४ पेजमा ▸▸

बडादशैं २०८३ को शुभकामनासहित

अस्पतालका सेवा सुविधाहरू बारे जानकारी

विजयादशमी, शुभ दीपावली तथा छैठ पर्व २०८३ को पावन अवसरमा समस्त सेवाग्राही, चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारी, व्यवस्थापन समितिका सदस्य, शुभचिन्तक एवम् सहयोगी महानुभावहरु तथा सम्पूर्ण नेपाली दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको

हार्दिक मंगलमय शुभकामना ।

रामकुमार थापा
अध्यक्ष

एवम्

डा. कृष्ण प्रसाद साह
नि. मेडिकल सुपरिटेन्डेन

दमक अस्पताल परिवार
दमक–१, झापा

दमक अस्पतालबाट प्राप्त गर्ने आधारभुत स्वास्थ्य सेवा तथा विशेषज्ञ सेवाहरु

ANC Services/परिवार नियोजन सेवा/क्षयरोग सेवा (DOTS)/ एचआइभी/एड्स (ART)/कुष्ठरोग सेवा/उपेक्षित उष्ण प्रदेशीया रोग सम्बन्धी (NTD)/ जनरल मेडिसिन/ स्त्री तथा प्रसुति रोग/ इन्टरनल मेडिसन/ जनरल शल्यक्रिया/ बालरोग/ एनेस्थेसीया/ दन्तरोग / नाक, कान र घाँटी रोग/ छाला तथा यौन रोग सेवा/ हाडजोर्नी तथा नसा रोग/इमरजेन्सी /बाहिरङ्ग सेवा/अन्तरङ्ग (मेडिकल, सर्जिकल, प्रसुती)/माइनर तथा मेजर ओटी/ल्याब सेवा (इमरजेन्सी ल्याबसहित)/एक्सरे तथा इसिजि/पोष्टमार्टम तथा मर्चरी सेवा/मेडिकोलिगल/फार्मेसी सेवा/ OCMC सेवा/आइसियु सेवा/ एच.डि.यु./मनोचिकित्सक सेवा/प्याथोलोजिष्ट विशेषज्ञ सेवा/निकट भविष्यमा दिने सेवा डायलाइसिस/सिटी स्क्यान सेवा ।

अस्पतालबाट दिइने विशेष सुविधा

- बिहान ७ बजेदेखि विरामीको रजिष्ट्रेशन सुरु ।
- टोकन सिस्टम । ◆ आरामदायी प्रतिक्षालय ।
- नियमित औषधि सेवनका लागि छुट्टै ओपिडी सेवा ।
- जेष्ठ नागरिक, अशक्त, गर्भवती महिलाका लागि पहिलो प्राथमिकतायुक्त टोकन सिस्टम । ◆ बिहान ७:३० बजेबाट जेनरल वहिरंग सेवा ।
- समस्या परेमा सहायता कक्षको व्यवस्था साथै छुट्टै रिपोट लिने व्यवस्था ।
- नि:शुल्क परिवार नियोजन, गर्भपतन, प्रसुति सेवा ।
- टिवी, एचआइभी एड्स उपेक्षित उष्ण प्रदेशीया रोग सम्बन्धी, रेबिज सुई, १० वर्ष मुनिका बालबालिकाको नि:शुल्क उपचार । ◆छुट्टै इमरजेन्सी ल्याव सेवाको व्यवस्था।
- नि:शुल्क पाठेघरको मुखको क्यान्सर जाँच PAP Test - LBC
- विशेषज्ञ डाक्टरहरुद्वारा चेकजाँच तथा शल्यक्रिया ।
- मोडुलर अप्रेशन थेटर । ◆ दमकवासीलाई नि:शुल्क पोष्टमार्टम सेवा ।
- शव राख्नका लागि मर्चरी सेवा । ◆ अण्डर ग्राउण्ड पार्किङ ।
- अक्सिजन प्लान्ट । ◆ प्रत्येक वडामा नि:शुल्क KHDC कार्यक्रम ।
- प्रत्येक ३ महिनामा आवश्यकता हेरी घुम्ती शिविर सेवा ।
- जेष्ठ नागरिक र अपांग 'क' वर्गका लागि घरदैलो कार्यक्रम ।
- आधारभूत स्वास्थ्य केन्द्रहरुमा चिकित्सकीय स्वास्थ्य सेवा कार्यक्रम ।
- गुणस्तरीय मेसिन र दक्ष जनशक्तिबाट २४ सै घण्टा ल्याब सेवा ।

सम्पादकीय

विज्ञानको हब बन्दै दमक क्याम्पस

देशभरका ५४२ वटा सामुदायिक क्याम्पसमध्ये पाँचौं स्थानमा सफल र स्थापित हुनु दमक क्याम्पसका लागि मात्र नभई समग्र प्राज्ञिक क्षेत्रकै लागि गर्वको विषय हो । हालै सम्पन्न क्याम्पसको १५औं सभाले प्रस्तुत गरेको प्रगति विवरण र आगामी योजनाहरुले यस क्याम्पसको उकालो लाग्दो शैक्षिक यात्रालाई स्पष्ट पछाएको छ । स्थापनाकालमा ४४० विद्यार्थीबाट साधारण रुपमा सुरू भएको यो क्याम्पस आज ४ हजार ४०० बढी विद्यार्थीहरुको आस्थाको केन्द्र बन्न सफल हुनुले यसको निरन्तरको प्रयास र समर्पणलाई उजागर गर्छ ।

पछिल्लो समय क्याम्पसमा विद्यार्थी संख्यामा भएको ६.७३ प्रतिशतको वृद्धिले सामुदायिक क्याम्पसप्रतिको आकर्षण घट्दै गएको भनिएको वर्तमान सन्दर्भमा एउटा सकारात्मक सन्देश दिएको छ । तर, विद्यार्थी संख्या बढ्नु मात्रै सफलताको पूर्ण परिचायक होइन। क्याम्पस प्रमुखले औंल्याएझैं विद्यार्थीको संख्या वृद्धिसँगै शैक्षिक नतिजामा अपेक्षित सुधार ल्याउनु नै अबको प्रमुख चुनौती हो । यसलाई मनन गर्दै क्याम्पसले पठनपाठनलाई थप प्रभावकारी बनाउनु जरूरी छ ।

यस क्याम्पसको अर्को सबल पक्ष भनेको भौतिक पूर्वाधार र प्रविधिमैत्री सिकाइतर्फको फड्को हो । विश्वविद्यालय अनुदान आयोग र क्याम्पसको साझेदारीमा आठ करोड रूपैयाँ बराबरका भौतिक तथा प्राविधिक कार्यक्रमहरु सञ्चालन हुनु, कक्षाकोठामा एसी, स्मार्ट बोर्ड तथा टेलिभिजन जडान गरिनु र ई-लाइब्रेरी विस्तार हुनु प्रशंसायोग्य कार्य हुन्। त्यस्तै, प्रदेश सरकारको सहयोगमा बन्दै गरेको सुविधासम्पन्न पुस्तकालय भवनले विद्यार्थीको अध्ययन संस्कृतिलाई अझ समृद्ध बनाउनेछ ।

उद्योग वाणिज्य संघका अध्यक्षले उठाएको विषय– "शिक्षा रोजगार र सीपसँग जोडिनुपर्छ" भन्ने मान्यता आजको टड्कारो आवश्यकता हो । बजारको माग र प्रविधिको विकाससँग तालमेल मिलाएर शिक्षा प्रणालीलाई अगाडि नबढाएसम्म उत्पादित जनशक्ति बजारमा टिक्न कठिन हुन्छ । दमक क्याम्पसले विज्ञानको हबका रुपमा विकास गर्ने लिएको लक्ष्य, करिब डेढ करोड रूपैयाँको विज्ञानसम्बन्धी सामग्रीको उपलब्धता र १८ वटा लघु अनुसन्धानसहितका प्राज्ञिक गतिविधिहरुले यसलाई सही दिशामा डोऱ्याइरहेका छन् । साथै, तीन दर्जनभन्दा बढी पीएचडी जनशक्ति उत्पादन गरिसकेको र थुप्रै प्राध्यापकहरु शोधकार्यमा तल्लीन हुनुले क्याम्पस अब केवल पठनपाठन गर्ने ठाउँ मात्र नरहेर गतिलो अनुसन्धान केन्द्रका रुपमा विकास हुँदै गएको प्रस्ट्याउँछ ।

लक्षित समुदायका विद्यार्थीलाई ५१ लाख रूपैयाँभन्दा बढीको छात्रवृत्ति प्रदान गर्नुले समावेशी शिक्षाप्रति क्याम्पसको प्रतिबद्धता झल्काउँछ । आगामी दिनमा विद्यार्थी संख्या केही घट्न सक्ने प्रक्षेपण गरिएको भए पनि संख्याभन्दा गुणस्तर र परिणामलाई केन्द्रमा राखेर काम गर्नुपर्ने यो समयको माग हो । तसर्थ, व्यवस्थापन, प्राध्यापक, कर्मचारी, दाताहरु र स्थानीय सरकारबीचको यो बलियो सहकार्यलाई निरन्तरता दिँदै दमक क्याम्पसलाई पूर्वी नेपालकै एक उत्कृष्ट 'शैक्षिक परामर्श तथा अनुसन्धान केन्द्र' का रुपमा स्थापित गर्न सबै पक्ष गम्भीर भएर लाग

जीवन बदल्ने प्रेरक भनाइहरू

- मुस्कुराई रहनु नै सत्रुलाई सजाय हो ।
- असफलता झेल्ने आँट नभएकाहरू सफलताका हकदार हुनै सक्दैनन् ।
- बहादुर त्यो होइन जो डराउँदैन, बहादुर त्यो हो जो डरका बाबजुद पनि अघि बढ्न सक्छ ।
- सबथोक पाएर दुःखी हुनुभन्दा सबैथोक गुमाएर सुखी हुनु महान् कुरा हो ।
- हामीलाई लामखुट्टेले होइन हाम्रै अल्छ्याइले टोक्छ ।
- सम्पत्ति नभएर गरिब भइँदैन, भएको सम्पत्ति नचिनेर गरिब भइन्छ ।
- सबैभन्दा सस्तो औषधि हास्य हो, किनभने यसको कमी भयो भने सबभन्दा महंगो औषधि खान बाध्य भइन्छ ।
- सुख खोज्नु पर्दैन, दुःखको सदुपयोग गरे पुग्छ ।
- अविवाहितहरू प्रेमको प्रभावले बर्बाद हुन्छन्, विवाहितहरू प्रेमको अभावमा बर्बाद हुन्छन् ।
- एक्लो मान्छेले बाटोमा हिँड्दाहिँड्दै जव केही सम्झेर खिस्स हाँस्छ, सबैभन्दा मीठो त्यही हाँसो लाग्छ ।
- जुन रोगको उपचारै छैन त्यही रोगको उपचार गर्ने अनगिन्ती डाक्टर निक्लिन्छन् । अनि जुन समस्याको समाधानै छैन त्यसैको सल्लाह दिने अनगिन्ती सल्लाहकार निक्लिन्छन् ।
- चिया गुलियोमा गुलियो पनि हुन सक्छ, कडामा कडापनि । मान्छे पनि चियाजस्तै हुनुपर्छ, आवश्यक ठाउँमा गुलियो, नभए कडा !
- हजार खोक्रा शब्दहरूभन्दा शान्ती दिने एक शब्दनै उत्तम हुन्छ ।
- जिब्रो एउटा त्यस्तो छुरी हो जसले खुन ननिकाली काट्न सक्छ ।
- हज्जारौ मैनबत्ती एउटा मैनबत्तीको प्रकाश कम नगराइ जलाउन सकिन्छ । यसरी नै खुसी बाढ्दा बढ्ने गर्छ ।
- हाम्रो मस्तिष्कनै सबैथोक हो । हामी जे सोच्दछौ त्यही बन्दछौं ।

दशैंको सुवास र बाल्यकालका सुनौला स्मृतिहरू



विमल लामिछाने

> हाम्रो बाल्यकालमा 'दशैंको लुगा' को अर्थ नै बेग्लै र अपार थियो । स्कुल जान मिल्ने उही सेतो सर्ट र निलो हाफपेन्ट किनिदिएको दिनको खुसी शब्दमा वर्णन गर्नै सकिन्न । त्यो नयाँ कपडाको खस्रो गन्धले नै हाम्रा लागि दशैंको आधिकारिक घोषणा गराउँथ्यो ।

चच हुई... चच हुई....। दशैं आउँनुको मज्जा नै छुटेटै छ । शरद ऋतुको आगमनसँगै प्रकृतिको कायापलट हुन्छ । आकाशमा नीलो कपासजस्ता बादलहरू तैरन्छन्, करेसामा मखमली र सयपत्री फूलहरू मुस्कुराउन थाल्छन् । चारैतिर धानका बालाहरू सुनौलो रंगमा झुल्दै सुस्तरी हावामा हल्लिन्छन् । यही सुवासमय मौसमसँगै नेपालीहरूको महान् चाड बडादशैं घर-आँगनमा भित्रिन्छ । आज क्यालेन्डरको पन्ना फेरिएको छ, समयको बेगसँगै गाउँघरको मुहार फेरिएको छ, र हाम्रो जीवनशैली पनि आधुनिकताको मिहिनेतले रङ्गिएको छ । तर, मनको कुनै कुनामा जब बाल्यकालका ती दिनहरूको धमिलो तर मीठो तस्विर उघ्रिन्छ, तब लाग्छ, समय जतिसुकै अगाडि बढे पनि बाल्यकालको त्यो दशैंको सुगन्ध अर्कै थियो, जसको नशालु सुवासले आज पनि मनलाई आनन्दित र भावुक बनाउँछ ।

नयाँ लुगाको उमंग र घरमै टेलर आउँदाको रमाइलो :

अहिले त बजारमा गएर महँगा रेडमेड लुगा किन्ने वा फेसनदार फेब्रिक्स छान्ने चलन छ । तर, हाम्रो बाल्यकालमा 'दशैंको लुगा' को अर्थ नै बेग्लै र अपार थियो । स्कुल जान मिल्ने उही सेतो सर्ट र निलो हाफपेन्ट किनिदिएको दिनको खुसी शब्दमा वर्णन गर्नै सकिन्न । त्यो नयाँ कपडाको खस्रो गन्धले नै हाम्रा लागि दशैंको आधिकारिक घोषणा गराउँथ्यो ।

त्यसमाथि, गाउँमा पसलहरूको सुविधा नभएको त्यो युगमा, घरमै टेलरलाई बोलाएर नाप लिएर कपडा सिलाउने चलन थियो । टेलर मास्टरले पिठ्युँमा ठूलो झोला बोकेर घरमा आउने र पिँढीको कुनामा मेसिन राख्नेबित्तिकै हाम्रो घरमा उत्सव सुरु भइसकेको अनुभव हुन्थ्यो । उनीहरूले कैंचीले कपडा काटेको 'स्याट्ट-स्याट्ट' आवाज, मेसिनको लयबद्ध खुटुटुटु ..को संगीत र आफ्नो शरीरको नापअनुसार कपडा कस्तो बन्दैछ भनेर हेर्ने बालसुलभ कौतूहल । यी सबै कुराले मनमा एक प्रकारको अनौठो हौसला र उमंग ल्याउँथ्यो । त्यो सिलाइएको सेतो सर्ट र निलो हाफपेन्ट लगाएर बारम्बार ऐना अगाडि उभिने दिन, र टिकाको दिनसम्म फोहोर नहोस् भनेर दिनदिनै हेर्दै बाकसमा हाल्दै जोगाएर राख्ने त्यो चिन्ता आज पनि सम्झनाको पानामा जीवन्त कुदिएको छ ।

कुसुँडीको खसीको मासु र ढीकीको चिउराः

दशैं भन्नासाथ जिब्रोमा पानी आउने मिठा परिकार र खानपानको सम्झना स्वतः जाग्छ । अहिले जस्तो फ्रिज वा अत्याधुनिक किचनको सुविधा नभएको त्यो जमानामा, गाउँघरमा दशैंका लागि काटिने खसीको मासुको महत्व पर्वको महत्तोसँगै जोडिएको हुन्थ्यो । गाउँमा सामूहिक रूपमा काटेको खसीको एकपावा मासु ल्याएर कुसुँडीमा दाउराको आगोमा खटखट पारेर पकाएको त्यो स्वाद आजका पाँचतारे होटलका परिकारभन्दा हजारौं गुणा मीठो लाग्थ्यो । प्रशस्त झोल हालिएको त्यो मासुको सुवासले सारा घर मग्मगाउँथ्यो, जहाँ परिवारका सबै सदस्यहरू वरीपरि बसेर, तातो भात वा चिउरासँग त्यो झोल मिसाएर सुरुप-सुरुप खाएको दशैं सम्झिँदा आज पनि बालसुलभ दिनमा फर्किन पाए हुन्थ्यो जस्तो लाग्छ ।

त्यस्तै, दशैंका लागि दुई दिनदेखि रातारात ढीकीमा 'भक्र्याङ भक्र्याङ' कुटेर तयार पारिने चिउराको कथा अझ मार्मिक छ । आमा र काकीहरूले पालो फेर्दै ढीकी कुटेर बनाएको त्यो ताजा चिउराबाट पहिलो भाग कुलदेवता र दुर्गा देवीलाई नचढाई मुखमा हाल्नु महापाप मानिन्थ्यो; 'नचढाई खाए मुख बाङ्गिन्छ' भन्ने ठूलाबढाको कडा अर्तीले हाम्रो बालमन मस्तिष्कमा गहिरो प्रभाव पारेको हुन्थ्यो । दुर्गादेवीलाई नचढाई खान नपाइने त्यो डर र स्वादको व्यग्र प्रतीक्षाबीच, बल्ल ठूलाघरका कान्छा हजुरबाले अष्टमीका दिन बिहानभरि लगाएर पूजा सकियो भनेर घोषणा नगरेसम्मको समय एउटा युग जस्तो लामो लाग्थ्यो । जब पूजा सकिन्थ्यो, तब त्यो ताता र बास्नादार चिउराको मुठी मुखमा हाल्दाको सन्तुष्टि शब्दमा बयान गर्न सकिंदैन ।

स्कुलडाँडाको लिङ्गे र रोटे पिङको मज्जाः

दशैंको सांस्कृतिक आकाशमा सबैभन्दा माथि उड्ने अर्को आकर्षण भनेको लिङ्गे पिङ थियो । घटस्थापनाको छेकोमा गाउँभरिका केटाकेटीहरू जम्मा भएर दशैंको रौनक थप्थ्यौं । प्रकाश पौडेल, विश्व दाई र दाहाल कान्छाको नेतृत्वमा हामी सबै बालसुलभ जोसका साथ चेम्जोङडाँडा माथिको लिङ्गे पिङ खेल्न कुद्थ्यौं । कोही स्कुलडाँडाको रोटे पिङमा मच्चिन । जंगलबाट काटेर ल्याएका बलिया बाँसका खम्बा गाडेर, बाबियोको बलियो डोरी बाटेर ठड्याइएको त्यो पिङमा पालो पाउन पनि निकै पापड पेल्नुपर्थ्यो । तँछाड मछाडका विच आएको पालोमा दोहोरी मच्चाउन सक्नेहरुले त वा वा को हुटिङनै पाउँथे ।

जब रोटे पिङको पीरामा बसेर मच्चिने आफ्नो पालो आएर पिङको चल्लामा बसिन्थ्यो र साथीहरूले बलपूर्वक मच्चाउँदा धर्ती छोडेर आकाश छुन पुगिन्थ्यो, तब छातीभित्र अनौठो खुसीको छाल उठ्थ्यो । हावाको बेगसँगै उड्दाको त्यो थ्रिल, सबै साथीभाइहरूको सामूहिक हुटिङ र एकअर्कालाई आकाशतिर पुगेको बेला जिस्क्याउने क्रमले साँच्चै 'दशैं आएको' वास्तविक आभास गराउँथ्यो । आजका बन्द कोठाका भिडियो गेम वा कृत्रिम पार्कहरूले त्यो खुला आकाशमुनिको लिङ्गे/रोटे पिङको हावा र बाल्यकालको त्यो निर्भीक आनन्दलाई कहिल्यै छुन नसकेको अनुभुति हुन्छ ।

टीकाको दिनः आशीर्वाद, दही-चिउरा र मामाघरको उत्साहः

दशैंको मुटु भनेको नै विजया दशमीको दिनको टीका र जमरा हो । टीकाको दिन विहान उज्यालो नहुँदै नयाँ लुगा र कल्पित अनुहारमा आशीर्वाद थाप्न गाउँभरि दौडिने हाम्रो दिनचर्या हुन्थ्यो । घर-घरमा गएर गाउँका मान्यजन तथा ठूलाबढाको हातबाट अक्षता र जमरा थाप्दै, टपरीमा चिनी चिउरा र दुनाबाट दहीलाई मथेर पखाले बनाएको पातलो महिरस चुहाउँदै खानुका मज्जा नै बेग्लै थियो । मुखमा चिउरा र दही चपाउँदा निस्कने 'सापसाप र सिपसिप' आवाजबीच साथीहरूसँग आँखा जुधाएर हाँस्दै खाएको त्यो क्षण सम्झँदा अहिले पनि मन लजालु भएर आउँछ ।

तर, टीकाको दिनको सबैभन्दा ठूलो ग्रान्ड फिनाले अर्कै हुन्थ्यो, मामाघरको यात्रा । दिनभरि आफ्ना बन्धु-बान्धव र अभिभावकहरूसँग टीका थापिसकेपछि, साँझपख मामाघर जाने पालो कसको भन्नेमा चल्ने प्रतिस्पर्धामा जब आफू पहिलो लिष्टमा परेको कुरा कन्फर्म हुन्थ्यो, तब लाग्थ्यो कि संसारको कुनै महान् युद्धा जितेर आएको छु । मामाघर जाने उत्साहले टीकाको थकाइ, लामो हिँडाइको पीडा र खुट्टाको ठेस सबैलाई एकैछिनमा बिर्साइदिन्थ्यो ।

आधुनिक समयको आँखीझ्यालमा दशैंको परिमार्जित रूपः

समयको चक्रसँगै आज दशैं केवल खाने, लगाउने र रमाइलो गर्ने चाड मात्रै रहेन; यो आधुनिकताको छालसँगै केही फेरिएको छ । आज गाउँघरमा ढीकीको आवाज हराएको छ, पिङका डोरीसँगै दोहोरीमा रम्ने भाकाहरू पनि फेरिएका छन् र युवापुस्ता प्रविधिको पर्दाभित्र समेटिन थालेको छ । तापनि, दशैंको मूल मर्म भनेको त्यही आत्मीयता, सम्मान र खुसीको साटासाट नै हो । आधुनिक जीवनको यो दौडधूपमा पनि जब हामी पुराना पुस्ताका मूल्य र मान्यतालाई जोगाउँदै र स्मरण गर्दै डिजिटल ग्याजेटबाट केही समय बचाउँछौ, तब परिवार र आफन्तहरूसँगको निकटता अझ प्रगाढ बन्छ । तडकभडक र देखासिकीको महँगो संस्कृतिभन्दा आपसी सद्भाव, सादगी र अग्रजहरूप्रतिको श्रद्धालाई प्राथमिकता दिनु नै आजको दशैंको सबैभन्दा ठूलो सौन्दर्य हो ।

आज ती बाल्यकालका सुनौला दिनहरू केवल तस्विर र मझेरीका स्मृतिहरूमा मात्र सीमित भएका छन् । कान्छा हजुरबा अब यो भौतिक संसारमा हुनुहुन्न, गाउँका ती बाल्यकालका दौंतरीहरू कर्मथलोको खोजीमा देशविदेशका विभिन्न कुनामा छरिएका छन्, र ढीकीको त्यो लयबद्ध आवाज रेडियो वा पुराना संस्मरणहरूमा मात्र गुञ्जिन्छ । तर, ती पुराना दिनहरूको न्यानो सुवास र बाल्यकालको त्यो निष्कलंक आनन्द आज पनि मेरो मनको गहिराइमा उत्तिकै जीवन्त छ ।

जब-जब दशैंको रमझम छाउँछ, मभित्रको त्यो सानो बालकसँग मेरो फेरि भेट हुन्छ, जसले उही सेतो सर्ट र निलो हाफपेन्टमा संसारको सबैभन्दा ठूलो साम्राज्य जितेको महसुस गरेको थियो । दशैंले हामीलाई भविष्यको अज्ञात बाटोतर्फ डोऱ्याए पनि, विगतका यी सुनौला स्मृतिहरू नै हाम्रो जीवनको वास्तविक र अमूल्य पूँजी बनेर बाँचिरहनेछन् ।

नेपाली सेनाले यसरी मनाउँछ दशैं

दमक/ नेपालमा दशैं मनाउने हरेक समुदायहरुको फरक-फरक शैली र परम्परा छ । र, नेपाली सेना सरकारी संयन्त्र हो, यसको पनि आफ्नै किसिमको परम्परा छ । बाहिरबाट हेर्दा सेनाले मनाउने दशैं पनि सामान्यजस्तै देखिए पनि शैली भने अलि मौलिक एवं ऐतिहासिक छ । नेपाली सेनाले आफ्ना हरेक ब्यारेकहरुमा आफ्नै परम्परा अनुसार दशैं मनाउने गरेको छ ।

हनुमानढोकामा जमरा

हनुमानढोका नेपाली सेनाका लागि दशैंमा विषेश महत्वको स्थान हो । सेनाको निशानीदेखि कोत अड्डासमेत हनुमानढोकामै छ । जसमा सेनाले हरेक दशैंमा विषेश पूजा गर्ने गरेको छ । घटस्थापनाका दिन हनुमानढोकास्थित दशैंघरमा विधिपूर्वक जमरा राखेपछि सेनाको दशैं सुरु हुन्छ । दशैं घरको सुरक्षाका लागि त्यहाँ सेनाको एउटा टोली खटाइन्छ । दशैंको जमरा राखेका दिन नै बोकाको बली दिएर पूजा गर्नुपर्ने परम्परा छ । त्यसरी चढाइएको बोको दशैं घरमा कार्यरत कर्मचारीहरुले खाने प्रचलन छ ।

गोरखाबाट ल्याइन्छ फूलपाती

फूलपातीका दिन हनुमानढोकामा सेनाको विषेश भूमिका रहने गरेको छ । परम्पराअनुसार गोरखाबाट ल्याइएको फूलपाती सेनाले हनुमानढोकामा भित्र्याउँछन् ।

पृथ्वीनारायण शाहले काठमाडौं उपत्यका विजय

गरेपछि गोरखाबाट फूलपाती ल्याएर हनुमानढोकामा भित्र्याउने चलन शुरु भएको हो, जुन अहिले गणतन्त्र आउँदासम्म जारी छ । गोरखाबाट एउटा टोलीले फूलपाती बोकेर धादिङको जीवनपुरसम्म ल्याउँछ । त्यहाँ हनुमानढोकाबाट हेराचाह अड्डाको अर्को टोली पुग्छ । उनीहरुले जीवनपुरबाट जमलसम्म फूलपाती ल्याउँछन् । र, सेनाको टोलीले जमलबाट त्यो फूलपाती हनुमानढोकामा भित्र्याउँछन् ।

सेनाको टोलीले जमलबाट विषेश हर्षबढाइँ तथा बाजागाजासहित फूलपाती हनुमानढोकासम्म लैजान्छ । यो काम नेपाली सेनाको शार्दुलजङ्ग गुल्मले नै गर्छ ।

फूलपाती भित्र्याउने यो अवसरमा सेनाको एक टुकुडीले टुँडीखेलमा बढाइँ दिने प्रचलन छ । यो कार्यक्रममा राष्ट्रप्रमुखको हैसियतमा राजा सहभागी हुने परम्परा थियो । तर, गणतन्त्र आएसँगै राष्ट्रपतिले फूलपातीको बढाइँमा सहभागिता जनाउने प्रचलन छ ।

अष्टमीमा मूलकोत पूजा र बली प्रथा

नेपाली सेनाले अष्टमीका दिन हनुमाढोकामा रहेको मूलकोतमा पूजा गर्ने गरेको छ । सेनाका विभिन्न हतियारसमेत राखिएको मूलकोतमा बली दिएर पूजा गर्ने गरिएको छ ।

महाअष्टमीका दिन सेनाले तलेजु मन्दिरमा समेत बली दिने गरेको छ । त्यस्तै आफ्नो ब्यारेकभित्रका मौलोहरुमा पनि सेनाले बली दिने परम्परा छ ।

नेपाली सेनाले बली दिन ल्याउने राँगा तथा बोकाहरुको व्यवस्थापन छुट्टै गुल्मले गर्छ । बलीका लागि ल्याइएने राँगा तथा बोकाहरु कुनै चोटपटक नलागेको हुनुपर्ने नियम छ ।

अष्टमीको दिन सेनाका हरेक ब्यारेकका मौलामा बली दिने परम्परा छ । यो क्रम महानवमीको दिन पनि चल्छ । मौलामा बली दिइने जनावरको मार हान्न सेनाले विशेष व्यक्तिहरु खटाउँछ ।

नेपाली सेनाका देशैभरि रहेका गुल्म तथा गणहरुका फरक-फरक निशानीहरु छन् । ती हरेक निशानीहरुमा बली दिनुपर्ने सैनिक परम्परा छ । सेनाले विभिन्न हिन्दू देवीदेवतालाई मानेर फरक-फरक गण, गुल्म अनुसार

दशैँमा लगाउने जमराको बैज्ञानिक महत्व

दमक/ मान्यजनबाट टीका र आर्शिवाद ग्रहण गर्दैगर्दा टीकासँगै हामीले कानमा धान, गहूँ, मकै र जौका लामा आँकुरा (जमरा) लगाउँछौं । पुरुषहरूले ढाकाटोपीमा सिउरेको र महिलाले चुल्ठोमा सिउरेको जमराले नेपालीको धार्मिक आस्था एवं साँस्कृतिक एकतालाई प्रतिविम्बित गराउँछ । धार्मिक, सामाजिक, साँस्कृतिक एवं स्वास्थ्यको दृष्टिले पनि जमराको ठूलो महिमा छ ।

यसरी मातृशक्तिको आराधना गर्दै घडा र वेदीमा उम्रेको जमरा विजयादशमीको दिन आफ्ना कुलदेवताहरुलाई अर्पण गरी प्रसादस्वरुप लगाउने गरिन्छ । अब प्रश्न उठ्छ कि दशैंमा किन प्रसाद स्वरुप जौंको अंकर जमरा लगाइन्छ त ? के महत्व छ त जमराको ?

जौँलाई संस्कृतमा ‘यव’ भनिन्छ । खाद्यपदार्थको दृष्टिले यो पौष्टिक पदार्थ हो भने यसलाई स्वास्थ्यको दृष्टिले पनि औषधिको रुप मानिन्छ । वैदिक ग्रन्थमा जौंलाई रोग दूर गर्ने, यज्ञयज्ञादिमा उपयोगी, बल र प्राणलाई पुष्ट पार्ने ओजको सम्पादक वस्तुको रुपमा लिइएको छ । यसै कारण होला यज्ञयज्ञादिमा जौंको प्रयोग प्रशस्त मात्रामा गरिएको पाइन्छ । पौराणिक ग्रन्थमा जौंलाई अन्नको राजा मानिएको छ । पुराणमा भगवान् श्रीकृष्णले पनि औषधिहरूमा म जौं हुँ भनेर भन्नुभएको हुनाले पनि यसको धार्मिक महत्व कत्तिको रहेछ भन्ने कुरा स्पष्ट हुन्छ ।

वैज्ञानिक दृष्टिले हेर्ने हो भने पनि जौंको महत्व कम्ती रहेको छैन । आयुर्वेदिक ग्रन्थमा जौं र जौंको अंकुरबाट गर्न सकिने उपचारको उल्लेख भएको पाइन्छ । आधुनिक चिकित्साअनुसार विविध रोगका लागि जौं उपयुक्त रहेको आजका वैज्ञानिकहरूले पत्ता लगाएका छन् । चिकित्सकका अनुसार सात वा नौ दिनको जमरा पिँधेर झोल बनाई नित्य सेवन गर्ने हो भने उच्च रक्तचाप, अर्वुद (क्यान्सर) एवं मधुमेहजस्ता रोगमा ज्यादै फाइदा पुर्‍याउँछ ।

यसको रसको सेवनले सौन्दर्यमा समेत निखार ल्याउने भनाइ उनीहरूको छ । यसैगरी, बिरामी भएर कमजोर भएका व्यक्तिहरूलाई जौंबाट निर्मित खाद्यपदार्थ खुवाउनाले चाँडै शरीरमा तागत आउने कुरा विभिन्न खोजबाट पत्ता लागिसकेको छ । अमेरिकाका भूविज्ञ डा. आर्क टकसले गरेको अनुसन्धानबाट के पत्ता लागेको छ भने जौंको अंकुर सम्पूर्ण आहार र औषधिमध्ये सर्वोत्कृष्ट वनस्पति हो । अन्य हरिया सागपातमा पाइने पौष्टिक तत्वभन्दा जौं वा यसको अंकुरमा पाइने तत्व तुलनात्मकरुपमा धेरै नै बढी छ । अमेरिकाकाले पनि जमराको प्रयोगमा सफलता पाइरहेको छ । भारतमा चिकित्सकहरूले गरेको जमराको प्रयोगबाट पेट, आन्द्रा, हाड एवं अन्य रोगहरूलाई समेत फाइदा पुर्‍याएको बताएका थिए ।

जमरालाई धर्मशास्त्रमा समृद्धिको प्रतीक मानिन्छ । धर्मशास्त्रको व्याख्या आफ्नो ठाउँमा छ, वैज्ञानिक दृष्टिकोणबाट पनि जौं र जमराको महत्व कम छैन । वास्तवमा जौं निकै पौष्टिक खाद्यपदार्थ हो । यसमा कार्बोहाइड्रेट, प्रोटिनका साथै विभिन्न भिटामिनहरू प्रशस्त्र मात्रामा पाइन्छ । त्यसैले जौंको सातु के गाउँ, के सहर जताततै चर्चित छ । अहिले विकाशे जातका अरु बालीहरू भित्रिएसँगै निकै पूरानो र भरपर्दो बालीको रुपमा रहेको जौं विस्थापित हुँदै गएको छ, जसका कारण खाद्य असुरक्षा बढिरहेको विज्ञहरूले बताइरहेका छन् । यस हिसाबले हेर्दा जौंको महत्व अझै धेरै भएको प्रष्ट हुन्छ । जौं खाद्य सुरक्षाका दृष्टिले मात्र होइन औषधीय गुणले पनि युक्त मानिन्छ ।

जमराको रस सौन्दर्य प्रसाधनमा पनि प्रयोग हुन्छ । अध्ययनहरूले अंकुरित जौंमा सागपातभन्दा पनि बढी पौष्टिक तत्व पाइने प्रमाणित गरिसकेका छन् । जमराको प्रयोगबाट हाड, आन्द्रा, पेट, छालालगायतका रोगको सफल उपचार सम्भव भइसकेको छ । गाउँघरतिर अहिले पनि दशैंको जमरालाई सुकाएर राख्ने र ज्वरो आउँदा तथा पेट दुख्दा पानीमा उमालेर खाने चलन छ ।

मनोरञ्जन

‘ए फूल ए जुन’ को भिडियो सार्वजनिक

दमक/ नीता आचार्यको नयाँ गीत ‘ए फूल ए जुन’ को भिडियो सार्वजनिक भएको छ । बागलुङको ढोरपाटनमा छायांकन गरिएको उक्त गीतको भिडियोमा अभिनेत्री शिल्पा पोखरेलसँगै गायिका आचार्य स्वयंले अभिनय गरेकी छन् । डा. कृष्णहरि बरालको शब्द र एनबी जनकपुरीको संगीत रहेको गीतको भिडियो निर्देशन केशवराज भट्टले गरेका हुन् । अजय रेग्मीको छायांकन रहेको भिडियोको सम्पादन प्रवीण भट्टले गरेका हुन् । निर्देशक भट्टले हालसम्म करिब पाँच सयभन्दा बढी गीतका भिडियो निर्देशन गरिसकेका छन् ।

पोखरामा जन्मिएकी गायिका आचार्यले यसअघि ‘जिन्दगी’, ‘सँगै जिउने हो’, ‘भए साथमा नभए यादमा’, ‘झिमझिम परेली’ लगायतका गीतमा स्वर दिइसकेकी छन् । “गीतसंगीत मेरो जीवनको आधार हो, यसले औषधि र ध्यानजस्तै काम गर्छ,” हाल नेपालमै रहेकी गायिका आचार्यले भनिन् । ‘ए फूल ए जुन’ को भिडियो गायिका आचार्यकै आधिकारिक युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो ।

चाडपर्वलक्षित बजार अनुगमन तीव्र

ताप्लेजुङ/ चाडपर्वलाई लक्षित गर्दै ताप्लेजुङको सदरमुकाम फुङ्लिङ बजारमा बजार अनुगमन तीव्र पारिएको छ । दसैं सुरु भएसँगै उपभोक्ताको हित संरक्षण र बजारमा खाद्यवस्तुको गुणस्तर कायम गर्न अनुगमनलाई प्राथमिकता दिइएको हो । जिल्ला बजार अनुगमन समितिका संयोजक एवम् सहायक प्रमुख जिल्ला अधिकारी यादव भट्टराईको नेतृत्वमा मंगलबार फुङ्लिङ बजारका विभिन्न पसल तथा होटलमा अनुगमन गरिएको छ । अनुगमनका क्रममा म्याद गुज्रिएका खाद्यवस्तु तथा बिक्रीका सामग्री अव्यवस्थित रूपमा राखिएको पाइएको थियो । होटलमा मूल्यसूची नराखिएको पनि भेटिएको थियो ।

परराष्ट्रमन्त्री र राजदूत भेटवार्ता

दमक/ परराष्ट्रमन्त्री शिशिर खनाल र नेपालका लागि स्विट्जरल्यान्डकी राजदूत डा. ड्यानिएल मेउलीबिच परराष्ट्र मन्त्रालयमा शिष्टाचार भेटवार्ता भएको छ ।

भेटका अवसरमा नेपाल र स्विट्जरल्यान्डबिचको दीर्घकालीन मैत्रीपूर्ण सम्बन्ध तथा बहुआयामिक सहयोगलाई थप सुदृढ बनाउने विषयमा छलफल भएको थियो ।यसै वर्ष नेपाल र स्विट्जरल्यान्डबिच कूटनीतिक सम्बन्ध स्थापना भएको ७० वर्ष पूरा हुँदै छ । सन् १९५६ मा दुई देशबिच कूटनीतिक सम्बन्ध स्थापना भएको थियो । दुई मुलुकबिच थप सहकार्य गर्ने विषयमा पनि कुराकानी भएको बताइएको छ ।

लागुऔषधसहित युवक पक्राउ

झापा/ ठूलो मात्रामा लागूऔषध ब्राउन सुगरसहित झापा अर्जुनधाराका एक युवक पक्राउ परेका छन् ।

मेचीनगर नगरपालिका वडा न.६ दुर्गा मन्दिरमा अर्जुनधारा वडा नं.११ कालिझोडा बस्ने २७ वर्षीय अनिश माझी पक्राउ परेका हुन् । लागूऔषध नियन्त्रण व्यूरो शाखा कार्यालय काँकडभिट्टाबाट खटिएको टोलीले माझीको साथबाट प्लास्टिकसहित २८ ग्राम ७४० मिलिग्राम र प्लास्टिकबाहेक २६ ग्राम १७० मिलिग्राम ब्राउन सुगर बरामद गरेको हो ।

विद्यालयमा ६ अर्ब लगानी गर्दै शिक्षा मन्त्रालय

दमक/ सरकारले सामुदायिक विद्यालयप्रति विद्यार्थी र अभिभावकको बढ्दो आकर्षणलाई थप मजबुत बनाउने उद्देश्यसाथ पूर्वाधार विकासको योजना अघि बढाएको छ । उत्कृष्ट नतिजा हासिल गर्दै दुई हजारभन्दा बढी विद्यार्थी अध्ययनरत देशभरका १०९ वटा ठुला सामुदायिक विद्यालयलाई प्राथमिकतामा राखेर भौतिक पूर्वाधार विस्तारको काम थालिएको हो ।

शिक्षा क्षेत्रको रूपान्तरणका लागि यो एक ऐतिहासिक कदम भएको बताउँदै यसै चालु आर्थिक वर्षमा ती विद्यालयको संरचना सुदृढीकरणका लागि कुल ६ अर्ब ५४ करोड रुपियाँ बजेट विनियोजन गरिएको शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले बताए ।

मन्त्री पोखरेलका अनुसार यस योजनाअन्तर्गत पहिलो चरणमा ८९ वटा विद्यालयका लागि ५ अर्ब ३४ करोड रुपियाँ निकासा भइसकेको छ । निकासा भएको रकममार्फत अहिले विद्यालयमा अत्याधुनिक १२ कोठे तीन तले भवन निर्माणको काम तीव्र गतिमा अघि बढाइने भएको छ ।

स्थानीय तहको निर्वाचन र रास्वपाको चुनौती !

✍ ओमप्रकाश गौतम
omgautam2078@gmail.com

नेपालको स्थानीय तहको निर्वाचन राष्ट्रिय राजनीतिलाई जनताको घरदैलोसम्म जोड्ने महत्वपूर्ण माध्यम हो । स्थानीय सरकार नागरिकका दैनिक समस्या, विकास निर्माण, शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, कृषि तथा रोजगारीसँग प्रत्यक्ष सम्बन्धित हुन्छ । त्यसैले स्थानीय निर्वाचनमा सफल हुन राजनीतिक दलले राष्ट्रिय स्तरका नारामात्र होइन, स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने स्पष्ट योजना र विश्वसनीय नेतृत्व प्रस्तुत गर्नुपर्छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का लागि आगामी स्थानीय तहको निर्वाचन संगठन विस्तार, स्थानीय नेतृत्व निर्माण, सुशासनको अवधारणालाई व्यवहारमा उतार्ने र नागरिकसँग दीर्घकालीन सम्बन्ध स्थापित गर्ने महत्वपूर्ण अवसरका रूपमा हेर्न सकिन्छ । तर नयाँ राजनीतिक पहिचानलाई स्थानीय तहमा प्रभावकारी बनाउन जनअपेक्षा, संगठनात्मक क्षमता, उम्मेदवारको विश्वसनीयता र कार्यान्वयनयोग्य योजनाबीच तालमेल आवश्यक हुन्छ । रास्वपाको स्थानीय निर्वाचन रणनीति त्यसैले केवल चुनाव जित्ने योजनामा सीमित हुनुहुँदैन । यसले स्थानीय सरकार कसरी सञ्चालन गर्ने, जनताको विश्वास कसरी कायम राख्ने र सार्वजनिक स्रोतको सदुपयोग कसरी गर्ने भन्ने प्रश्नको पनि उत्तर दिनुपर्छ ।

सन् २०२६ को अक्टोबरसम्म सार्वजनिक भएका समाचारअनुसार रास्वपाले आगामी स्थानीय तह निर्वाचनलाई लक्षित गर्दै देशका ७५३ वटै स्थानीय तहमा पुग्ने अभियान अघि बढाएको छ । पार्टीका सांसद तथा केन्द्रीय सदस्यहरूलाई स्थानीय तहमा परिचालन गरी नागरिकका कुरा सुन्ने र पार्टीका योजना प्रस्तुत गर्ने तयारीबारे समाचार प्रकाशित भएका छन् । यो एउटा राम्रो अवसर हो । यहीबेलामा सरकारमै भएको बखत राम्रा योजनाहरु कार्यान्वयन पनि हुँदै आएको छ ।

त्यसैगरी, रास्वपाले स्थानीय उम्मेदवार छनोटका लागि "Candidate Selection Framework २०८३’ सार्वजनिक गरेको र उम्मेदवार छनोट प्रक्रियालाई व्यवस्थित बनाउने प्रयास गरेको समाचारहरूमा उल्लेख छ । यो प्रक्रिया गाउँ, नगर सबै स्थानहरुमा हुँदै आएको छ । यी तयारीले निर्वाचनलाई पार्टीले संगठन निर्माण र स्थानीय राजनीतिक उपस्थितिसँग जोड्न खोजेको देखाउँछन् । अब मुख्य प्रश्न भनेको केन्द्रीय तहको लोकप्रियता र राजनीतिक सन्देशलाई स्थानीय सरकार सञ्चालन गर्न सक्ने क्षमता, नागरिकको विश्वास र स्पष्ट सार्वजनिक कार्यक्रमसँग कसरी जोड्ने भन्नेतर्फ बेलैमा लाग्नु जरुरी छ ।

स्थानीय निर्वाचनमा उम्मेदवारको व्यक्तिगत विश्वसनीयता, सार्वजनिक कामको अनुभव, स्थानीय सरकारसम्बन्धी ज्ञान र नैतिक आचरण महत्वपूर्ण हुन्छन् । उम्मेदवार छनोटको प्रक्रिया पारदर्शी भएमा पार्टीभित्रको विवाद घटाउन र निर्णयप्रति विश्वास बढाउन मद्दत पुग्न सक्छ ।

रास्वपाले आफ्नो उम्मेदवार छनोट ढाँचालाई व्यवहारमा लागू गर्दा निम्न पक्ष स्पष्ट गर्नुपर्ने हुन्छ :

१) उम्मेदवारको योग्यता र अनुभवको मूल्यांकन कसरी गरिन्छ ?
२) स्थानीय नागरिकको सुझावलाई छनोट प्रक्रियामा कसरी समावेश गरिन्छ ?
३) उम्मेदवारमाथि उठेका गम्भीर प्रश्न वा उजुरीको निष्पक्ष परीक्षण कसरी हुन्छ ?
४) छनोटमा परेका र नपरेका व्यक्तिका लागि समान तथा स्पष्ट प्रक्रिया कसरी सुनिश्चित गरिन्छ ?

छनोटको मापदण्ड सार्वजनिक गर्नु मात्र पर्याप्त हुँदैन; त्यसको कार्यान्वयन पनि निष्पक्ष र जवाफदेही हुनुपर्छ ।

स्थानीय तहको निर्वाचनमा सबै ठाउँका समस्या समान हुँदैनन् । कुनै ठाउँमा खानेपानी र सडक प्रमुख समस्या हुन सक्छन् भने अर्को ठाउँमा कृषि बजार, बाढी नियन्त्रण, फोहोर व्यवस्थापन, स्वास्थ्य सेवा वा बेरोजगारी प्राथमिकतामा पर्न सक्छन् । त्यसैले स्थानीय तहको आवश्यकता अध्ययन गरेर प्रत्येक पालिकाका लागि यथार्थपरक योजना बनाउनु आवश्यक हुन्छ । घोषणापत्रमा पूरा गर्न सकिने प्रतिबद्धता, अनुमानित लागत, कार्यान्वयनको समयसीमा र प्रगति मापन गर्ने सूचक समावेश गर्न सकिन्छ । उदाहरणका लागि, खानेपानीको समस्या भएको पालिकामा सेवा पहुँच र पानीको गुणस्तर सुधार गर्ने योजना, कृषि प्रधान क्षेत्रमा उत्पादनको बजार पहुँच बढाउने कार्यक्रम र सहरी क्षेत्रमा फोहोर व्यवस्थापन तथा सार्वजनिक यातायात सुधारका प्रस्ताव प्रस्तुत गर्न सकिन्छ । यस्ता योजनाको सम्भाव्यता स्थानीय बजेट, कानुनी अधिकार र उपलब्ध स्रोतका आधारमा परीक्षण गरिनुपर्छ । भ्रष्टाचार नियन्त्रण, पारदर्शिता र जवाफदेहिता रास्वपाको राजनीतिक पहिचानसँग जोडिएका विषय हुन् । स्थानीय तहमा यी विषयलाई व्यवहारमा उतार्न बजेट र खर्चको सार्वजनिक विवरण, खरिद प्रक्रियामा पारदर्शिता, नियमित सार्वजनिक सुनुवाइ, गुनासो व्यवस्थापन र योजनाको प्रगति प्रतिवेदनजस्ता संयन्त्र महत्वपूर्ण हुन्छन् । निर्वाचित प्रतिनिधिले निश्चित अवधिमा आफ्नो कामको विवरण सार्वजनिक गर्ने व्यवस्था गर्न सकिन्छ । यसबाट नागरिकले चुनावी प्रतिबद्धता र वास्तविक कार्यसम्पादनबीच तुलना गर्न पाउँछन् ।

राष्ट्रिय राजनीतिमा परिचित नेताहरूले स्थानीय तहमा चासो बढाउन सक्छन्, तर स्थानीय सरकारको दैनिक सञ्चालनका लागि स्थानीय भूगोल, प्रशासन, बजेट, कानुन र समुदायका आवश्यकताबारे ज्ञान भएको नेतृत्व चाहिन्छ । त्यसैले स्थानीय नेतृत्वलाई निर्णय प्रक्रियामा पर्याप्त भूमिका दिनु, स्थानीय तहका समस्या समाधान गर्न आवश्यक तालिम उपलब्ध गराउनु र निर्वाचित प्रतिनिधिलाई केन्द्रीय नेतृत्वको निर्देशनमा मात्र निर्भर नरहने संस्थागत क्षमता विकास गर्नु महत्वपूर्ण हुन्छ । स्थानीय नेतृत्वको मूल्याङ्कन लोकप्रियता वा सार्वजनिक उपस्थितिबाट मात्र नभई निर्णय क्षमता, सार्वजनिक व्यवहार, कानुनी समझ र कामको नतिजाका आधारमा गरिनुपर्छ ।

आगामी निर्वाचनका सम्भावित चुनौतीहरु : रास्वपाले स्थानीय तहको निर्वाचनको तयारी गर्दा केही महत्वपूर्ण चुनौतीको सामना गर्नुपर्ने देखिन्छ । पहिलो, संगठनात्मक विस्तार र कार्यक्षमताबीचको अन्तर । देशका सबै स्थानीय तहसम्म पुग्ने अभियान सञ्चालन गर्नु र ती सबै ठाउँमा निरन्तर सक्रिय, जिम्मेवार संगठन निर्माण गर्नु फरक कुरा हुन् ।

दोस्रो, उम्मेदवार छनोटसम्बन्धी आन्तरिक प्रतिस्पर्धा । छनोटको मापदण्ड स्पष्ट भए पनि त्यसको निष्पक्ष कार्यान्वयन, स्थानीय आकांक्षा र नेतृत्वबीचको समन्वय चुनौतीपूर्ण हुन सक्छ । तेस्रो, राष्ट्रिय सरकारको कार्यसम्पादन। रास्वपाले सरकारका काम र नीतिगत उपलब्धिबारे नागरिकलाई जानकारी दिने योजना अघि सारेको समाचारमा उल्लेख छ । यस्तो अवस्थामा सार्वजनिक प्रतिबद्धता र वास्तविक कार्यान्वयनबीचको अन्तर पनि राजनीतिक मूल्यांनको विषय बन्न सक्छ ।

चौथो, स्थानीय आवश्यकताको विविधता । सबै पालिकामा एउटै राजनीतिक सन्देश वा विकास योजना प्रभावकारी हुन्छ भन्ने मान्न सकिँदैन । स्थानीय आवश्यकता र उपलब्ध स्रोतअनुसार योजना बनाउनु आवश्यक हुन्छ ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

दैनिक राशिफल

आज मिति २०८३ साल असोज २९ गते बिहीबार
15 Oct. 2026
तिथि: पञ्चमी

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

राशि	अक्षर	फल
मेष	चु चे लो ला लि लँ ले लो अ	लेनदेनको कारोबारमा झमेला हुन सक्ने ।
वृष	इ उ ए ओ वा वि वु वे वो	मनमा उत्साह जाँगर बढेर आउने साथीभाइबाट सहयोग ।
मिथुन	का कि कु घ ङ छ के को हा	भ्रमणको योग देखिन्छ । खर्चको मात्रा बढेर जाला ।
कर्कट	चु चे लो ला लि लँ ले लो अ	विदैशिक यात्रा होला । रोजगारको अवसर । मन खुशी ।
सिंह	मा मि मु मे मो टा टि टु टे	ब्यापार व्यवसायमा लाभ । धन सञ्जय नहुने ।
कन्या	टो प पी पँ ष ण ठ पे पो	मनमा धेरै कुरा खेल्ने । विश्वास बढी गर्नाले धोका ।
तुला	हि हु हे हो डा डि डु डे डो	स्वास्थ्यमा केही सुधार मान्यजनबाट आशिर्वाद प्राप्ती ।
वृश्चिक	तो ना नि नँ ने नो या यि यु	सामाजिक गतिविधिमा सकृय । परोपकारी भावना जागृत ।
धनु	य यो भा भी भ धा फा ढ भे	आर्थिक समस्याले सताउने । मनमा धेरै कुरा खेल्ने ।
मकर	भो जा जी खि खू खे खो गा गी	पठन पाठनमा मन लाग्ने । आम्दानीका बाटाहरु खुल्ने ।
कुम्भ	गँ गे गो सा सी सँ से सो द	मनमा पीडा । आर्थिक पक्ष मध्यम ।
मीन	दि दु थ झ ञ दे दो चा ची	आफन्तबाट सहयोग । मन भने चञ्चल रहने ।

साहित्य कला संगमको २२ औं साधारण सभा सम्पन्न

दमक/ साहित्यिक कार्यक्रमहरू सञ्चालन गर्दै आएको साहित्य कला संगम दमकले एक कार्यक्रमका बिच २२ औं साधारण सभा सम्पन्न गरेको छ ।

साहित्य कला सङ्गम दमकका अध्यक्ष बिन्दु दाहाल मुकदर्शकको अध्यक्षतामा र बरिष्ट साहित्यकार एवम् समालोचक प्रा.डा. बद्रिविशाल पोखरेलको प्रमुख आतिथ्यतामा भएको उक्त कार्यक्रममा साहित्य समाज उर्लावारीका अध्यक्ष यज्ञ परिश्रमी, प्रतिभा निकेतनका अध्यक्ष कमलराज भट्टराई, सताक्षी साहित्य समाजका अध्यक्ष उमानाथ दाहाल, मिक्लाजुङ साहित्य समाजका अध्यक्ष ईन्द्रप्रसाद घिमीरे, दमक प्रज्ञा प्रतिष्ठानका पुर्व अध्यक्ष हेमनाथ अधिकारी, साहित्य कला संगमका पूर्व अध्यक्ष नरपति पाण्डेलगायतको बिशिष्ठ आतिथ्यता रहेको थियो ।

उक्त साधारण सभाले संगमका आजिवन सदस्यहरू मध्ये बिद्यावारिधि गर्ने साहित्यकारहरू प्रा.डा. गोपालप्रसाद भण्डारी, डा. उत्तमप्रसाद भट्टराई, डा. कमलप्रसाद ओस्तीलाई सम्मान गरिएको थियो ।

साथै गत आर्थिक वर्षमा कृति प्रकाशन गर्ने स्रष्टाहरू सङ्गमका उपाध्यक्ष दुर्गा खनाल काफ्ले, महासचिव ओमप्रसाद खनाल,आजिवन सदस्यहरू त्रिलोचन रेग्मी र गोपाल प्रसाद दहाललाई सम्मान पत्र द्वारा सम्मान गिएको थियो ।

उक्त साधारण सभाले महासचिव ओमप्रसाद खनालले प्रस्तुत गरिएको वार्षिक प्रतिवेदन, कोषाध्यक्ष नेत्रप्रसाद अधिकारी बाट प्रस्तुत गरिएको आर्थिक प्रतिवेदन र लेखा समितिका संयोजक गीता कुवरले प्रस्तुत गरेको लेखा प्रतिवेदनलाई सर्वसम्मतीबाट पारित गरिएको थियो ।

कार्यक्रममा नयाँ आजिवन सदस्यहरूलाई आजिवन सदस्यता प्रमाण पत्र प्रदान गरिएको थियो । साहित्य कला सङगमका उपाध्यक्ष दुर्गा खनाल का᾿लेले स्वागत मन्तव्य राख्नु भएको उक्त कार्यक्रमको सन्चालन साहित्य कला संगमका महासचिव ओमप्रसाद खनालले गरेका थिए । कार्यक्रममा आजिवन सदस्यहरू, कवि तथा साहित्यकारहरूको उल्लेख उपसथिति रहेको थियो ।

उक्त कार्यक्रममा संगमका अध्यक्ष बिन्दु दहाल मुकदर्शकले आफ्ना माता पिताको नाममा ३,५१,०००।- तीन लाख एकाउन्न हजार रूपैयाँ) को अक्षयकोषको घोषणा समेत गरेका छन् ।

अन्तर्राष्ट्रिय

चीनको व्यापार बचतमा कीर्तिमान तोड्ने सम्भावना

हङकङ । चीनको व्यापार बचत सन् २०२६ को पहिलो नौ महिनामा ९३८ अर्ब अमेरिकी डलर पुगेको छ । सेप्टेम्बरमा निर्यात ३६.३ प्रतिशतले बढेपछि गत वर्ष कायम १२ खर्ब डलरको कीर्तिमान तोड्ने सम्भावना बढेको छ ।

चिनियाँ भन्सार निकायका अनुसार सेप्टेम्बरमा आयात ३१ प्रतिशतले बढ्दा मासिक व्यापार बचत अगस्टको ११९.१ अर्ब डलरबाट बढेर १३३.५ अर्ब डलर पुगेको हो । जनवरीदेखि सेप्टेम्बरसम्म अर्धचालकको निर्यात १०८.१ प्रतिशत, तथ्यांक प्रशोधन उपकरण तथा पार्टपुर्जाको ५४.६ प्रतिशत र सवारीसाधनको ५४.३ प्रतिशतले बढेको छ ।

निर्यात वृद्धिले घरेलु उपभोग र लगानी सुस्त रहेको चिनियाँ अर्थतन्त्रलाई टेवा दिए पनि घरजग्गा क्षेत्रको मन्दी चुनौती बनेको छ । चीनले यस वर्ष ४.५ देखि पाँच प्रतिशत आर्थिक वृद्धि गर्ने लक्ष्य राखेको छ । तर अन्तर्राष्ट्रिय मुद्राकोषले वृद्धिको अनुमान घटाएर ४.५ प्रतिशतमा झारेको छ ।

चीनको बढ्दो व्यापार बचतले अमेरिका र युरोपेली सङ्घसँग व्यापारिक तनाव थप चर्किने जोखिम बढाएको छ । युरोपेली सङ्घले चीनसँगको दैनिक एक अर्ब १० करोड डलरभन्दा बढीको व्यापार घाटा घटाउन प्रयास

विश्लेषकहरूका अनुसार कमजोर युआनले चिनियाँ सामान प्रतिस्पर्धी बनाए पनि पश्चिमी बजारमा दबाब बढिरहेको छ । आन्तरिक माग कमजोर रहनु र विश्वव्यापी कृत्रिम बौद्धिकता क्षेत्रमा लगानी सुस्त हुनुले चीनको निर्यातमा आगामी दिनमा चुनौती थप्न सक्ने अर्थशास्त्रीहरूको आकलन छ ।यससँगै अब उत्तराखण्ड राज्यभर आगामी एक वर्षसम्म यी वस्तुहरूको निर्माण, गोदाममा भण्डारण, ओसपसार र खुला बजारमा बिक्रीवितरण गर्न पूर्ण रूपमा रोक लगाइएको छ ।

खेलकुद

ओमनमाथि नेपालको जित

दमक । आईसीसी विश्वकप लिग २ अन्तर्गत नेपालले ओमानलाई ११३ रनको हराएको छ । बलरहरूको शानदार प्रदर्शनसँगै नेपालले आईसीसी क्रिकेट विश्वकप लिग २ अन्तर्गत ओमानमा भइरहेको शृत्लामा लगातार दोस्रो जित हासिल गरेको हो । यो जितपछि लिग २ अंकतालिकामा छैटौं स्थानमा रहेको नेपालको ३४ खेलबाट २८ अंक भएको छ। ओमान ३० खेलबाट ३३ अंकसहित चौथो स्थानमा छ । नेपालले अब अर्को खेल शनिबार क्यानडासँग खेल्नेछ ।

शुभकामना

बडादशैं, शुभदीपावली, छठ, नेपालसम्बत, उधौली, उभौलीलगायत पर्वको पावन अवसरमा समस्त ग्राहक वर्ग, आफन्तजन, इष्टमित्र, छरछिमेकी, दमकबासीलगायत देश विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् प्रगति र उन्नतिको शुभकामना व्यक्त गर्दछु ।

प्रो. रविन चाम्लिङ राई
पहाडे अर्गानिक हब तथा भान्साघर, परिवार,
दमक-५, मामाचोक, झापा

नोट : पाँथचरको अर्गानिक तरकारी थोक तथा खुद्रामा बिक्री वितरण गरिनुका साथै अर्गानिक तथा परम्परागत जातिय परिकारको स्वादका लागि 'पहाडे अर्गानिक भान्सा घर तथा पहाडे अर्गानिक हब'लाई सदैव सम्झनुहोस् ।

२४.... मोरङको सुन्दरहरैंचा नगरपालिका-७, मालाती मार्गस्थित रहेको नेपाल न्यु कभनेन्ट कलेजको दीक्षान्त समारोह तथा धार्मिक कार्यक्रममा उनीहरु सहभागी भइरहेको सूचनाका आधारमा प्रहरीले नियन्त्रणमा लिएको थियो । प्रहरीले नियन्त्रणमा लिएपछि उनीहरूलाई अध्यागमन विभागमा बुझाइएको थियो। विभागले आवश्यक कारबाहीपछि जरिवाना गराउँदै निष्काशन गरेको जनाइएको छ।

कांग्रेस....ओली, सृजना अधिकारी, मुना भुसाल, गीता सत्याल, कल्पना तिवारी, रीता थापा मगर, गंगा दाहाल र उमा दाहाल रहेका छन् ।

महिला खुलातर्फको १५ सदस्यीय समूहमा निर्वाचित हुनका लागि ३६ उम्मेदवारहरूबीच प्रतिस्पर्धा भएको थियो । विनिता खड्का विजेता भएपनि उनीमाथि अदालतमा मुद्दा रहेकाले हाललाई उनलाई निर्वाचन समितिले निर्वाचित घोषित नगर्ने भएको छ । नेपाली कांग्रेसको १५औं महाधिवेशनबाट पार्टीको केन्द्रीय नेतृत्व चयन गर्ने क्रममा पदाधिकारीसँगै विभिन्न समावेशी समूह र खुलातर्फका केन्द्रीय सदस्यहरूको मतगणना गरिएको हो ।

कोशी....सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्ने तथा ती भाषाका लागि किरात लिपि प्रयोगसम्बन्धी विधेयक पारित गरेकोमा प्रदेश सरकार र सरोकारवालालाई धन्यवाद दिएको छ ।

१० राजदुत अनुमोदित

दमक । प्रस्तावित १३ देशका राजदूतमध्ये १० जनाको नाम संसदीय सनुवाइ समितिबाट अनुमोदन भएको छ।

भारत, चीन, श्रीलंका, बेलायत, अमेरिका, जर्मनी, इजरायल, दक्षिण कोरिया, स्पेन ओमानमा प्रस्तावित नाम संसदीय सुनुवाइ समितिबाट अनुमोदन भएको हो। तीन देशमा प्रतावित राजदूतको बारेमा भने संसदीय समितिले जानकारी गराएको छैन।

डा. निश्चलनाथ पाण्डे- भारत, कल्याणराज शर्मा- चीन, डा. मञ्चला झा- श्रीलंका, गौरवशमशेर जबरा- बेलायत, चिरनजंग थापा- अमेरिका, सरू जोशी- जर्मनी सुरेश कुमार कर्ण- इजरायल, संगम श्रेष्ठ- दक्षिण कोरिया, प्राप्ति शेरचन- स्पेन, पद्माक्षी राणा- ओमानका लागि अनुमोदित भएका हुन ।

यसैबीच, साउदी अरबका लागि प्रस्तावित नेपाली राजदूत गिरीबहादुर सुनारको नाम अस्वीकृत भएको छ । बुधबार भएको सुनुवाइपछि संसदीय सुनुवाइ समितिले उनको नाम अनुमोदन गर्न अस्वीकार गरेको हो । उनीमाथि घरेलु हिंसा, आर्थिक लेनदेन तथा कुटनीतिक मर्यादाविपरितका आरोपसहित उजुरी परेको थियो। जर्मनीबाट डिपोर्ट गरिएको समेतमा प्रश्न उठेपछि उनको नाम अनुमोदन नभएको हो । उनीमाथि लागेको आरोपबारे समितिमा प्रश्नोत्तरसमेत भएको थियो। त्यसपछि समितिले उनको नाम अस्वीकृत भएको जानकारी गराएको हो । अन्य दुई जना मलेसिया, जापान लागि प्रस्तावित राजदूहरु चूडामणि खरेल, जिज्ञान कुमार थापाको अनुमोदन भएनभएको यकिन भईनसकेको जनाइएको छ ।

दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय दमक झापाको

बोलपत्र स्विकृत हुने आशयको सूचना

सूचना प्रकाशित मिति २०८३।०६।२९

दमक नगरपालिका बाट मिति २०८३।०६।०९ मा प्रकाशित सूचना बमोजिम पर्न आएको तपशिलको बोलपत्र सम्वन्धमा दमक नगरपालिकाको निर्णय अनुसार देहायको बोलपत्र सारभुत रुपमा प्रभावग्राही भई स्विकृतका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम स्विकृत गर्ने आशयको ७ दिने सूचना सम्वन्धित बोलपत्रदाताको जानकारीको लागि प्रकाशित गरिएको छ ।

क्रस.	ठेक्का नम्वर	बोलपत्रदाताको नाम, ठेगाना	कामको बिवरण	कवोल अंक (भ्याट बाहेक) बार्षिक	कैफियत
१	DMO/JHAPA/AGRI /02/83/84)	श्री मौलिक बजार प्रा.लि बुढानिलकण्ठ, काठमाण्डौ	अर्गानिक तथा रैथाने बजार संचालन तथा व्यवस्थापन, दमक–८	३४,०८,०००।	आ.ब.२०८३/०८४ देखि ५ बर्ष सम्मका लागि

दशैंको हार्दिक शुभकामना

बिजयादशमी तथा शुभदिपावली २०८३ को सुखद अवसरमा सम्पूर्ण नगरबासी दाजुभाई, दिदीबहिनीहरूमा सुख-शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिकोलागि **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

जनहितमा जारी सन्देश
- आफ्नो वडा टोलहरू सफा राखौं ।
- चाडपर्वका समयमा चोरी बढ्न सक्छ । चनाखो बनौं ।
- मिसावट, सडेगलेका तथा अस्वस्थ्यकर खानेकुरा नखाऔं ।
- कानूनले बर्जित गरेका गतिविधिबाट टाढा रहौं ।
- पर्व मनाऔं, मितव्ययीता अपनाऔं ।
- मादक पदार्थ सेवन गरी समाजमा अशान्ति फैलाउने कार्य नगरौं ।

इन्द्रबहादुर गुरुङ : वडा अध्यक्ष
गोपालकृष्ण संग्रौला : सदस्य
खड्गबहादुर राई : सदस्य
शोभा खतिवडा (बेलबासे) : सदस्य
ख्यामकुमारी परियार : सदस्य
निधिनारायण ढुंगेल : वडा सचिव

५ नं. वडा कार्यालय
दमक नगरपालिका
दमक-झापा

दशैंको हार्दिक शुभकामना

बिजयादशमी तथा शुभदिपावली २०८३ को सुखद अवसरमा सम्पूर्ण नगरबासी दाजुभाई, दिदीबहिनीहरूमा सुख-शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिकोलागि **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

जनहितमा जारी सन्देश
- आफ्नो वडा टोलहरू सफा राखौं ।
- चाडपर्वका समयमा चोरी बढ्न सक्छ । चनाखो बनौं ।
- मिसावट, सडेगलेका तथा अस्वस्थ्यकर खानेकुरा नखाऔं ।
- कानूनले बर्जित गरेका गतिविधिबाट टाढा रहौं ।
- पर्व मनाऔं, मितव्ययीता अपनाऔं ।
- मादक पदार्थ सेवन गरी समाजमा अशान्ति फैलाउने कार्य नगरौं ।

भीम पौडेल : वडा अध्यक्ष
इन्दु पौडेल : सदस्य
मानबहादुर खवास : सदस्य
तारा नरपहेंली : सदस्य
अजित राई : सदस्य
योगेश भट्टराई : वडा सचिव

७ नं. वडा कार्यालय
दमक नगरपालिका
दमक-झापा

◆ **प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, ◆ **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की ◆ **सहसम्पादक**: विमल लामिछाने ◆ **बजार व्यवस्थापक**: केशव खनाल ◆ **लेआउट**: सुरेन बस्नेत

कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२, **मुद्रण**: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com